**आगलागीबाट सुरक्षा**

- घरको प्रत्येक तलामा स्मोक अलार्म र कार्बन मोनोअक्साइड अलार्महरू जडान गर्नुहोस्।
- तताउने वा हिटिङ उपकरण र जल्न सक्ने कुनै पनि वस्तुको बिचमा 3'/ 36"/ 1 मिटर वा निर्माताको निर्देशनहरू अनुसारको दूरी राख्नुहोस्।
- पोर्टेबल स्पेस हिटर र मैनबत्तीहरू त्यत्तिक्कै नछोड्नुहोस् - सुत्नुअघि हिटरहरू बन्द गर्नुहोस्।
- चिम्नी र भेन्ट पाइपहरूलाई वार्षिक रूपमा सफा गर्नुहोस् – खरानीलाई धातुको कन्टेनरमा राख्नुहोस्।
- भेन्टिलेसन नभएका हिटरहरू राखिएको कोठामा कार्बन मोनोअक्साइड अलार्म हुनुपर्छ।
- आगो बाल्नका लागि कहिल्यै पनि लाइटरको तरल पदार्थ, मट्टीतेल, डिजेल वा ग्यासोलिन प्रयोग नगर्नुहोस्।
- कोडहरू र निर्माताका निर्देशनहरूअनुसार हिटिङ उपकरण जडान गर्नुहोस्। उपकरण पेशेवर व्यक्तिद्वारा जडान गराउँदा राम्रो हुन्छ।